स्थायी लेखा नं.: ३०३४२५०२७
समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६
जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल ईन्जिनियर्स एशोसिएसन

केन्द्रिय कार्यालय
पुल्चोक, ललितपुर

३२ औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
उपाध्यक्ष
ई. आशिष घिमिरे
महासचिव
ई. छवि राज पोखेल
उपमहासचिव
ई. कपिल आचार्य
कोषाध्यक्ष
ई. राम एकवाल यादव
सह-कोषाध्यक्ष
आ. चाँदमाला श्रेष्ठ
सदस्यहरु
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. डेग राज पौडेल (प्रदेश नं. १)

२०७५।१०।२५

## प्रेस विज्ञप्ती

ऐतिहासिक युगिन संघीयता कार्यान्वयनमा उच्च स्तरको राष्ट्रिय समृद्धि हासिल गर्न सक्षम कर्मचारी प्रशासनको गठन गर्न सकिने सूनौलो अवसर आएको छ । नेपालको संविधान २०७२ लागू भएपश्चात संघीय शासन प्रणाली अन्तरगत संविधानमा भएको व्यवस्था बमोजिम ३ तहको संरचना मार्फत जनता समक्ष पुग्ने लोकतान्त्रिक पद्दतीको उन्नत अभ्यास मार्फत समाजवाद उन्मुख राज्यको विकास गर्ने वातावरण बनिरहेको सन्दर्भमा हाल संघ, प्रदेश र स्थानीय गरी ३ वटै तहमा सरकारले समायोजन अध्यादेश २०७५ अनुसार कर्मचारी समायोजन तथा व्यवस्थापन गर्दा प्रशासन सेवालाई अधिक सुरक्षण गरी प्राविधिक सेवाका कर्मचारीहरुको मनोवल गिराउने गरी विभदेपूर्ण ढंगले समायोजन समितिको २०७५ पौष २५ गतेको निर्णयले सो ऐनको नै वर्खिलाप हुने गरी अगाडी बढाएको कार्यप्रति यस एशोसिएसनको गंभीर ध्यानाकर्षण भएको छ ।

मुलुकको तीनै तह प्राविधिक रुपमा सक्षम र सवल हुन सकेमा मात्र नेपाली जनता र राजनैतिक नेतृत्वको समृद्ध नेपालको चाहना यथार्थमा परिणत हुनेछ तर विडम्बना अहिले भइरहेको कर्मचारी समायोजनको सन्दर्भमा ७५३ स्थानीय निकायमा १ (एक) जना पनि प्राविधिक कर्मचारीलाई कार्यालय प्रमुखको जिम्मेवारी नतोकिनु अत्यन्त अवैज्ञानिक, अदूरदर्शी र विडम्बना पूर्ण छ । कर्मचारीको वृत्ति विकासमा सबैले अवसर पाउनु पर्दछ भन्ने यस एशोसिएसको मान्यता रहेको छ ।

विज्ञ तटस्थ आयोगले देशको आवश्यकता अनुसार गर्नुपर्ने कर्मचारी प्रशासनको व्यवस्था स्वार्थ वाभिने गरी प्रशासन सेवाले आफू खुशी अन्य सेवालाई विभेदगर्दा समृद्धिको यात्रामा दाँतमा ढुंगा लागेको झै महशुस गरेका छौं ।

तसर्थ मुलुकभरका कर्मचारीको दरबन्दी र समायोजनमा भइरहेको हालको व्यवस्था तत्काल सच्याई प्राविधिक कर्मचारीहरुको जिम्मेवारी र अधिकार सुनिश्चित हुने गरी समृद्धिको यात्रालाई तिब्र पार्न सवल कर्मचारी प्रशासनको गठनगर्न ऐनको दफा ७ अनुसारका सम्पूर्ण प्रावधानहरुलाई समानुपातिक र पारदर्शी ढंगले लागु गरियोस् भनि अपिल गर्दछौं ।

ई. छवि राज पोखेल
महासचिव

ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
अध्यक्ष

ठेगानाः इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोनः ०१-५०१०२५१, ५०१०२५२
फ्याक्सः ०१-५०१०२५३, ईमेलः info@neanepal.org.np, URL: www.neanepal.org.np